हरिनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १ मितिः २०७६/०४/०१

**भाग-१**

**हरिनगर गाउँपालिका**


## हरिनगर गाउँपालिका
## आर्थिक ऐन, २०७६

गाउँसभाबाट स्वीकृत मिति २०७६/०३/२६
प्रमाणीकरण मिति २०७६/०३/२९

प्रस्तावना :

हरिनगर गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्वन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम हरिनगर गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम हरिनगर गाउँपालिकाको आर्थिक ऐन, २०७६ रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि हरिनगर गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**२. एकीकृत सम्पत्ति कर :** हरिनगर गाउँपालिका क्षेत्र भित्र अनुसुची (१) बमोजिम २०७६ श्रावण १ गते वाट एकिकृत सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

**३. भुमिकर (मालपोत) :** गाउँपालिका क्षेत्र भित्र अनुसुची (२) बमोजिम भुमिकर(मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

**४. घरजग्गा बहाल कर :** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसुची (३) बमोजिम बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर :** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६. जडिवुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिवुटी, वनकस (खर), कवाडी माल र प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको बस्तुको व्यवसायिक उपयोग गरेवापत कर लगाइने र असुल उपर गरिनेछ । यस दफामा उल्लेखित कर योग्य वस्तुहरुको गाउँपालिका क्षेत्र भित्र उपलव्धता र कारोवारको अध्ययन गरि आगामी गाउँसभावाट कर दरवन्दी निर्धारण गरिनेछ ।

**७. सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसुची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्विकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसुची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्विकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९. बहाल विटौरी शुल्क :** गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची ( ७) मा उल्लेख भए अनुसार हाटवजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१०. पार्किङ्ग शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलव्ध गराए वापत लिइने शुल्कका सम्वन्धमा सम्भाव्यता अध्ययन गरि आगामी गाउँसभावाट शुल्कको दररेट निर्धारण गरिनेछ ।

**११. सेवा शुल्क : (क)** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बञ्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धि सेवा वा व्यवसाय संचालन गरेवापत अनुसुची (८) बमोजिम सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**(ख)** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलव्ध गराएको अनुसूची (९) मा उल्लेखित सेवामा सोही अनुसूचीमा व्यवस्था भए बमोजिम सेवा शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै किसिमको कर छुट दिइने छैन ।

**१३. कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि :** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची -१**

(ऐनको दफा २ सँग सम्बन्धित)

**एकीकृत सम्पत्तिकरको दररेट**

| **क्र.सं.** | **मूल्याँकन रकम** | | | | **लाग्ने कर रकम** |
|---|---|---|---|---|---|
| १ | १ | देखि | २ लाख | सम्म | ५०।- |
| २ | २ लाख १ | देखि | ४ लाख | सम्म | ७०।- |
| ३ | ४ लाख १ | देखि | ६ लाख | सम्म | १००।- |
| ४ | ६ लाख १ | देखि | ८ लाख | सम्म | १५०।- |
| ५ | ८ लाख १ | देखि | १० लाख | सम्म | १७०।- |
| ६ | १० लाख १ | देखि | १२ लाख | सम्म | २००।- |
| ७ | १२ लाख १ | देखि | १४ लाख | सम्म | २५०।- |
| ८ | १४ लाख १ | देखि | १६ लाख | सम्म | ३००।- |
| ९ | १६ लाख १ | देखि | १८ लाख | सम्म | ३५०।- |
| १० | १८ लाख १ | देखि | २० लाख | सम्म | ४००।- |
| ११ | २० लाख १ | देखि | २२ लाख ५० हजार | सम्म | ४५०।- |
| १२ | २२ लाख ५० हजार १ | देखि | २५ लाख | सम्म | ५००।- |
| १३ | २५ लाख १ | देखि | २७ लाख ५० हजार | सम्म | ५५०।- |
| १४ | २७ लाख ५० हजार १ | देखि | ३० लाख | सम्म | ६००।- |
| १५ | ३० लाख १ | देखि | ३५ लाख | सम्म | ६५०।- |
| १६ | ३५ लाख १ | देखि | ४० लाख | सम्म | ७००।- |
| १७ | ४० लाख १ | देखि | ४५ लाख | सम्म | ९००।- |
| १८ | ४५ लाख १ | देखि | ५० लाख | सम्म | ११००।- |
| १९ | ५० लाख १ | देखि | ६० लाख | सम्म | १३००।- |
| २० | ६० लाख १ | देखि | ७० लाख | सम्म | १५००।- |
| २१ | ७० लाख १ | देखि | ८० लाख | सम्म | १७००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | ८० लाख १ | देखि | ९० लाख | सम्म | १९००।- |
| २३ | ९० लाख १ | देखि | १ करोड | सम्म | २१००।- |
| २४ | १ करोड १ | देखि | १ करोड २० लाख | सम्म | २४००।- |
| २५ | १ करोड २० लाख १ | देखि | १ करोड ४० लाख | सम्म | २७००।- |
| २६ | १ करोड ४० लाख १ | देखि | १ करोड ६० लाख | सम्म | ३२००।- |
| २७ | १ करोड ६० लाख १ | देखि | १ करोड ८० लाख | सम्म | ३६००।- |
| २८ | १ करोड ८० लाख १ | देखि | २ करोड | सम्म | ४५००।- |
| २९ | २ करोड १ | देखि | २ करोड ५० लाख | सम्म | ६०००।- |
| ३० | २ करोड ५० लाख १ | देखि | ३ करोड | सम्म | ७०००।- |
| ३१ | ३ करोड १ | देखि | ३ करोड ५० लाख | सम्म | ९०००।- |
| ३२ | ३ करोड ५० लाख १ | देखि | ४ करोड | सम्म | ११०००।- |
| ३३ | ४ करोड १ | देखि | ४ करोड ५० लाख | सम्म | १३०००।- |
| ३४ | ४ करोड ५० लाख १ | देखि | ५ करोड | सम्म | १५०००।- |
| ३५ | ५ करोड १ | देखि | ६ करोड ५० लाख | सम्म | २००००।- |
| ३६ | ६ करोड ५० लाख १ | देखि | ८ करोड | सम्म | २५०००।- |
| ३७ | ८ करोड १ | देखि | १० करोड | सम्म | ३००००।- |
| ३८ | १० करोड १ | देखि | माथी | सम्म | प्रति हजार रु. २ थप |

## अनुसूची -२

(ऐनको दफा ३ सँग सम्बन्धित)

**भूमिकर (मालपोत) को दररेट (वार्षिक) २०७५ साल आषाढ मसान्त सम्मको**

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | ३ कठ्ठा सम्म | न्युनतम रु.५०।- |
| २ | ३ कठ्ठा देखी माथी | प्रति कठ्ठा रु. १०।- |

## अनुसूची -२ क
## मालपोत विलम्व शुल्क

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | आ.व. २०७४।०७५ को | २० प्रतिशत |
| २ | आ.व. २०७३।०७४ को | ३० प्रतिशत |

| | | |
|---|---|---|
| ३ | आ.व. २०७२।०७३ को | ४० प्रतिशत |
| ४ | आ.व. २०७१।०७२ सम्मको एकमुष्ठ | ५० प्रतिशत |

## अनुसूची -३

(ऐनको दफा ४ सँग सम्बन्धित)

घरजग्गा बहाल कर

गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा सम्वन्धित धनीले १०( दश) प्रतिशत रकम वहाल कर गाउँपालिकालाई वुझाउनु पर्नेछ ।

## अनुसूची -४

(ऐनको दफा ५ सँग सम्बन्धित)

व्यवसाय करको दररेट (वार्षिक)

| क.सं. | **व्यवसायको किसिम** | **रकम** |
|---|---|---|
| ०१. | **व्यापारिक वस्तुहरु :-** | |
| १ क | चुरोट, बिंडीको डिलरसिप लिएको थोक विक्रेता | ३०००।०० |
| १ ख | सुर्ति प्याकिङ्ग गर्ने उद्योग | ३०००।०० |
| १ ग | पान मसाला तथा गुटखा उद्योग | ३०००।०० |
| १ घ | पान, पान मसाला,गुटखा,पान पराग तथा सुर्ति जन्य पदार्थ बिक्रेता | १५००।०० |
| १ ङ | उत्पादकवाट डिलरसिप लिएको मदीरा, वियरको थोक विक्रेता | ५०००।०० |
| १ च | मदीरा, वियरको थोक विक्रेता (सव डिलर लिएको ) | ४०००।०० |
| १ छ | मदिरा वियरको खुद्रा विक्रेता | २५००।०० |
| १ ज | कोल्ड ड्रिङस्को डिलरसिप लिएको थोक विक्रेता | २५००।०० |
| १ झ | मदीरा, वियर, कोल्ड ड्रिक्स खाना, खाजा र लज सहित भएका होटल | ४०००।०० |
| १ ञ | मदीरा, वियर, कोल्ड ड्रिक्स खाना र खाजा विक्री गर्ने होटल | २५००।०० |
| १ ट | मदीरा, वियर, कोल्ड ड्रिक्स र खाजा विक्री गर्ने होटल (र जुस पसल) | २५००।०० |
| १ ठ | चिया बेच्ने पसल | १०००।०० |
| १ ड | चिया, नास्ता, मिठाई बच्ने पसल | १५००।०० |
| १ ढ | चिया, नास्ता, खाना, मिठाई बेच्ने पसल | २०००।०० |
| १ ण | सुन, चांदी एवं सो को गहना बनाई विक्री गर्ने पसल | १५००।०० |
| १ त | सुन, चांदी एवं सो को गहना बनाउने कारखाना पसल | २५००।०० |
| २ | **निर्माण सामाग्रीहरु** | |
| २ क | भ्याटमा दर्ता भएका हार्डवेयर पसल | ३०००।०० |

| | | | |
|---|---|---|---|
| | २ ख | भ्याटमा दर्ता नभएका हार्डवेयर पसल | २०००।०० |
| | २ ग | कम्प्यूटर, प्रिन्टर, फोटोकपी लगायत सो सम्वन्धी सामान विक्री गर्ने पसल | २०००।०० |
| | २ घ | टेलिभिजन, मोवाइल, फ्रिज, टेलिफोन, पंखा, आइरन, घडी, क्यामेरा तथा इलेक्ट्रोनिक सामानहरुको डिलर सहितको विक्रेता | ३०००।०० |
| | २ ङ | टेलिभिजन, मोवाइल, फ्रिज, टेलिफोन, पंखा, आइरन, घडी, क्यामेरा तथा इलेक्ट्रोनिक सामानहरुको विक्रेता | २०००।०० |
| | २ च | विजुलीका सामानहरु मात्र विक्री गर्ने पसल | १५००।०० |
| | २ छ | रेडियो, घडी, टेप रेकर्डर र मोबाइल मर्मत गर्ने पसल | १०००।०० |
| | २ ज | पेट्रोलियम पदार्थ विक्रेता | ६०००।०० |
| | ३ | **दैनिक उपभोग्य पदार्थ विक्रेता** | |
| | ३ क | किराना पसल (सामानको थोक विक्रेता) | २५००।०० |
| | ३ ख | किराना पसल (जनरल सामान विक्री) | २०००।०० |
| | ३ ग | किराना पसल खुद्रा (सानो कारोवार) | १०००।०० |
| | ३ घ | काँटा राखी थोक खरिद विक्री गर्ने | ३०००।०० |
| | ३ ङ | काँटा राखी खुद्रा खरिद विक्री गर्ने | २०००।०० |
| | ३ च | कपडा पसल | २०००।०० |
| | ३ छ | रेडिमेट कपडा पसल | २०००।०० |
| | ४ | **सवारी साधन बिक्रेता** | |
| | ४ क | जिप,कार लगायत अन्य सवारी विक्रेता | ६०००।०० |
| | ४ ख | ट्र्याक्टर विक्रेता | ५०००।०० |
| | ४ ग | मोटरसाइकल तथा स्कुटर र सो सम्वन्धी पाटर्सहरु विक्री गर्ने पसल | ५०००।०० |
| | ४ घ | इ- रिक्सा तथा सो सम्बन्धि पार्टस वेच्ने पसल | २५००।०० |
| | ४ ङ | रिक्सा, साइकल तथा सो सम्बन्धि पार्टस वेच्ने पसल | १५००।०० |
| | ४ च | मोटर साइकल मर्मत गर्ने पसल | १५००।०० |
| | ४ ज | रिक्सा, साइकल मर्मत गर्ने पसल | १०००।०० |
| | ५ | **विषेशज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| | ५ क | चिकित्सक | ५०००।०० |
| | ५ ख | कविराज | ३०००।०० |
| | ५ ग | इन्जीनियर | ५०००।०० |

| | | | |
|---|---|---|---|
| | ५ घ | कानूनी व्यवसायी | ३०००।०० |
| | ५ ङ | लेखापरिक्षक | ३५००।०० |
| | ५ च | दन्त चिकित्सक | ३०००।०० |
| | ५ छ | अनुसन्धानकर्ता तथा परामर्शदाता | ३०००।०० |
| | ५ ज | कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर | ३०००।०० |
| | ५ झ | बिमा ऐजेन्ट | १५००।०० |
| | ५ ञ | सर्भेयर | ३०००।०० |
| | ५ ट | अनुवादक | ३०००।०० |
| | ५ ठ | पशुचिकित्सक | ५०००।०० |
| | ५ ड | शेयर दलाल | ५०००।०० |
| | ५ ढ | सामान ढुवानीकर्ता तथा कम्पनी (**ट्रान्सपोर्ट**) | ३०००।०० |
| | ५ ण | कन्सलटेन्सी | ५०००।०० |
| | ५ त | लेखापढी व्यवसायी | १०००।०० |
| | ६ | **निर्माण व्यवसाय** | |
| | ६ क | सबै वर्गका निर्माण व्यवसायलाई | १५००।०० |
| | ७ | **उर्जामुलक उद्योग** | |
| | ७ क | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, वायो ग्याँस तथा अन्य श्रोतहरुवाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | १००००।०० |
| | ८ | **कृषि तथा वन जन्य उद्योग** | |
| | ८ क | खाद्यान्न कुटानी, पिसानी र सेलर मिल | ५०००।०० |
| | ८ ख | कुटानी मात्र गर्ने वा पिसानी मात्र गर्ने मिल ठूलो | ५०००।०० |
| | ८ ग | प्लाइउड उद्योग | ५०००।०० |
| | ८ घ | स-मिल काष्ट उद्योग | ४०००।०० |
| | ८ ङ | भेनियर | ३०००।०० |
| | ८ च | च्यूरा मूरही उद्योग घरेलु तथा साना उद्योग | ३०००।० |
| | ८ छ | च्यूरा उद्योग घरेलु तथा साना उद्योग | ३०००।०० |
| | ८ ज | मूरही उद्योग घरेलु तथा साना उद्योग | ३०००।०० |
| | ८ झ | कुटानी, पिसानी, पेलानी मिल घरेलु तथा साना उद्योग (क) | ३०००।०० |
| | ८ ञ | कुटानी, पिसानी, पेलानी मिल घरेलु तथा साना उद्योग (ख) | ३०००।०० |

| | | | |
|---|---|---|---|
| | ८ ट | कुटानी, पिसानी मिल घरेलु तथा साना उद्योग | ३०००।०० |
| | ८ ठ | च्युरा कुट्ने मिल घरेलु तथा साना उद्योग | ३०००।०० |
| | ८ ड | मसाला, दाल घरेलु तथा साना उद्योग | ३०००।०० |
| | ८ ढ | चिजबल तथा स्न्याक्स उत्पादन गर्ने घरेलु तथा साना उद्योग | २०००।०० |
| | ८ ण | जुस उत्पादन घरेलु तथा साना उद्योग | ५०००।०० |
| | ८त | काँपी घरेलु तथा साना उद्योग | ३०००।०० |
| | ८ थ | डेरी घरेलु तथा साना उद्योग | २५००।०० |
| | ८ द | पशुपालन उद्योग | ३०००।०० |
| | ८ ध | कुखरा पालन (पोल्ट्री फर्म) उद्योग | ३०००।०० |
| | ९ | **खनिज उद्योग** | |
| | ९ क | खनिज उत्खन्न वा प्रशोधन गर्ने उद्योग व्यवसायमा | १००००।०० |
| | **१०** | **पर्यटन उद्योग** | |
| | १० क | अथिति सदन, सेवा सदन (आवाश,बिबाह कार्यक्रम गर्ने व्यवस्था भएका) | ३०००।०० |
| | **११** | **सेवा उद्योग** | |
| | ११ क | अपसेट प्रेस फल्याक्स प्रिन्ट समेत भएकालाई | ३०००।०० |
| | ११ ख | अपसेट प्रेस भएकालाई | ३०००।०० |
| | ११ ग | ट्रेडल मेसिन भएकालाई | ३०००।०० |
| | ११ घ | स्क्रीन प्रिन्ट तथा स्टाम्प वनाउनेलाई | १०००।०० |
| | ११ ङ | डिजीटल फोटो कलर ल्याव | ३०००।०० |
| | ११ च | फोटो स्टुडियो मात्र | १५००।०० |
| | ११ छ | फोटो स्टुडियो,भिडियो ग्राफि,मिक्सीङ्ग ल्याब समेत | ३०००।०० |
| | ११ ज | चलचित्र घरमा | ५०००।०० |
| | ११ झ | जादु, सर्कस, थिएटर, संगित तथा मनोरंजनहल प्रति दिन तिर्नुपर्ने | १०००।०० |
| | ११ ञ | वैण्डवाजा | १०००।०० |
| | ११ ट | टेन्ट हाउस र विजुली डेकोरेशन | २०००।०० |
| | **१२** | **निर्माण उद्योग** | |
| | १२ क | सडक, पुल, रोपवे, ट्रलीवस, टनेल, फल्याईङ्ग वृज तथा औद्योगीक, व्यापारीक एवं आवास कम्पलेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायहरुमा | |
| | | क. वर्ग | १५०००।०० |

| | | | |
|---|---|---|---|
| | | ख. वर्ग | १००००।०० |
| | | ग. वर्ग | ७०००।०० |
| | | घ वर्ग | ५०००।०० |
| | **१३** | **संचार उद्योग** | |
| | १३ क | संचार कम्पनीले मोवाईल टावर राखि सेवा संचालन गर्दा प्रति टाबरमा | ५०००।०० |
| | १३ ख | मोवाईल कम्पनीको कार्यालयलाई | ५०००।०० |
| | १३ ग | स्थानीय एफ.एम. रेडियो संचालनमा | १५००।०० |
| | १३ घ | टेलिफोन, फ्याक्स, फोटोकपी, लेमिनेशन, स्पाइरल वाइण्डीङ्ग | १५००।०० |
| | १३ ङ | इन्टरनेट, इमेल समेत भएका (साइवर क्याफे) | १५००।०० |
| | १३ च | इन्टरनेट सर्भिस प्रोभाइडरलाई | ५०००।०० |
| | १३ छ | कुरियर सेवा | १०००।०० |
| | **१४** | **वित्तिय सेवा** | |
| | १४ क | नेपाल सरकारको स्वामित्व नरहेका वाणिज्य बैंक | १००००।०० |
| | १४ ख | आर्थिक  कारोवार गर्ने  वित्तिय कम्पनीको शाखा कार्यालयमा | ५०००।०० |
| | १४ ग | बीमा कम्पनीको कारोबारमा | ५०००।०० |
| | १४ घ | ऋण तथा बचत सहकारीमा | ३०००।०० |
| | १४ ङ | मनि ट्रान्सफर ट्रान्सफर कारोबारमा | ३०००।०० |
| | १४ च | विदेशी मुद्रा सटही | ३०००।०० |
| | **१५** | **स्वास्थ्य सेवा** | |
| | १५ क | नर्सिङ्ग होम तथा अस्पताल सरकारी बाहेक | १००००।०० |
| | १५ ख | स्वास्थ्य उपचार क्लीनिक एम.बि.बि.एस. वा सो भन्दा माथि | ५०००।०० |
| | १५ ग | स्वास्थ्य उपचार क्लीनिक एच.ए./अ.हे.व. वा सो सरह | २०००।०० |
| | १५ घ | दन्त उपचार क्लीनिक | २०००।०० |
| | १५ ङ | ल्याव (दिशा, पिसाव, विर्य र रगत आदी जाच्ने र एक्सरे समेत) | २०००।०० |
| | **१६** | **शिक्षा सेवा** | |
| | १६ क | आधारभुत स्तरका निजी विद्यालय | ५०००।०० |
| | १६ ख | मा.वि. स्तरका निजी विद्यालय | १००००।०० |
| | १६ ग | सिभिल इन्जिनियर, ओभरसियर निजी स्तरका | १००००।०० |
| | १६ घ | सव-ओ.सि.,अमिन,अनमी, अहेव. आदी निजी स्तरका | १००००।०० |

| | | | |
|---|---|---|---|
| | १६ ङ | स्टाप नर्स आदि निजी स्तरको | १००००।०० |
| | १६ च | ड्राईभिङ्ग प्रशिक्षण केन्द्र | २५००।०० |
| | १६ छ | कम्प्यूटर, भाषा प्रशिक्षण केन्द्र | २०००।०० |
| | **१७** | **अन्य सेवा** | |
| | १७ क | नर्सरी (फलफूलका विरुवा विक्री वितरण गर्ने) | १०००।०० |
| | १७ ख | ब्युटी पार्लर | १०००।०० |
| | १७ ग | स्थायी रुपमा खसीको मासु वेच्ने पसल | २०००।०० |
| | १७ घ | कुखराको मासु वेच्ने पसल | १५००।०० |
| | १७ ङ | धातुको भाडा वर्तन पसल | २०००।०० |
| | १७ च | स्टील दराज (बाकस तथा ड्रम बनाउने समेत)  तयार गरी विक्री वितरण गर्ने उद्योग | ५०००।०० |
| | १७ छ | स्टील दराज बाकस तथा ड्रम समेत  विक्री वितरण गर्ने पसल | ३०००।०० |
| | १७ ज | काठको फर्निचर तयार गरी विक्री वितरण गर्ने | ४०००।०० |
| | १७ झ | लुगा सिलाई सम्बन्धि सामान वेच्ने पसल | १५००।०० |
| | १७ ञ | गिफ्ट, सजावट तथा कस्मेटिक सामान वेच्ने पसल | १५००।०० |
| | १७ ट | सजाबट तथा अन्य सामान वेच्ने पसल | २०००।०० |
| | १७ ठ | केवूल, नेटवर्किङ्ग | ५०००।०० |
| | १७ ड | स्थायी माछा पसल | १५००।०० |
| | **१८** | **अन्य व्यवसाय** | |
| | १८ क | ईटा उद्योग | १००००।०० |
| | १८ ख | सिमेन्ट क्रंक्रिट इटा, खांमा भेन्टीलेसन टायल उद्योग | ५०००।०० |
| | १८ ग | क्रंक्रिट हयूम पाईप, तथा सिमेन्ट पोल बनाउने उद्योग | ५०००।०० |
| | १८ घ | इन्जीनियरीगं तथा मेकानीकल वर्क संप (ट्रयाक्टरको ट्रली, थ्रेसर बनाउने कार्य समेत) | |
| | १८ ङ | व्यवसायीक अगरवती उद्योग | १०००।०० |
| | १८ च | ग्रिल, सटर बनाउने उद्योग | ३०००।०० |
| | १८ छ | दालमोट, भुजिया, पापड, भुजा उद्योग | १५००।०० |
| | १८ ज | फलपूल,तरकारी पसल स्थायी रुपमा विक्री गर्ने | १५००।०० |
| | १८ झ | जुता चप्पलको थोक विक्रेता | ३०००।०० |
| | १८ ञ | खुद्रा विक्रेता पसल | २०००।०० |
| | १८ ट | स्टेशनरी तथा पुस्तक पसल | २०००।०० |

| | | |
|---|---|---|
| १८ ठ | चस्मा  विक्री पसल | १५००।०० |
| १८ ड | अण्डाको थोक विक्रेता | २०००।०० |
| १८ ढ | अण्डाको खुद्रा विक्रेता | १०००।०० |
| १८ ण | व्याग वनाएर वेच्ने पसल | ३०००।०० |
| १८ त | टायर रिसोलिङ्ग, टायर टुयव मर्मत र हावा भर्ने | १५००।०० |
| १८ थ | व्याट्री मर्मत तथा इलेक्ट्रीक मेसिन राखि व्याट्री चार्ज लगायत अन्य काम गर्ने | १०००।०० |
| १८ द | साईन वोर्ड पेन्ट, वालपेन्ट, होर्डिङ्ग वोर्ड, नम्वर प्लेट  लेख्ने | १५००।०० |
| १८ ध | वरफ उद्योग (आइसक्रिम उत्पादन गर्ने समेत) | २०००।०० |
| १८ न | हेयर कटिङ्ग गर्ने सैलुन | १०००।०० |
| १८ प | पाउरोटी उद्योग | ३०००।०० |
| १८ फ | कवाडी सामान खरिद बिक्री | ५०००।०० |
| १८ ब | टेलरिङ्ग सेवा | १०००।०० |
| १८ भ | आलु, प्याज, खुर्सानी, लसुन को धोक विक्रेता ( गद्दी) | २०००।०० |
| १८ म | खुर्सानी, लसुन हर्दि थोक विक्रेता | १५००।०० |
| १८ य | औषधी पसल | ३०००।०० |
| १८ र | पशु औषधी पसल | ३०००।०० |
| १८ ल | मल खाद, विउ विजन एवं किटनाशंक विक्री गर्ने पसल | ३०००।०० |
| १८ व | व्यवसायीक मैनवती उद्योग | १०००।०० |
| १८ श | सर्फ र साबुन उद्योग | ५०००।०० |
| १८ ष | पानी उद्योग | ५०००।०० |
| १८ स | फलाम पिटी कृषि तथा घरेलु औजार तयार गरी विक्री गर्ने पसल | १५००।०० |
| १८ ह | उद्योग तथा कम्पनीको एजेन्सी (अधिकृत बिक्रेता)  कारोवार गर्ने | ३०००।०० |

## अनुसूची -४ क
## हाट बजार पसल कर (दैनिक)

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| ०१ | हाटमा फिजाई कपडा पसल गर्ने ठुलो | २०।०० |
| ०२ | कपडा पसल सानो | १०।०० |
| ०३ | हाटमा रेडिमेट (विदेशी कपडा समेत बेच्ने) पसल | २०।०० |
| ०४ | रेडिमेट कपडा  (सुती कपडा, गंजी आदि) वेच्ने पसल | १०।०० |

| | | | |
|---|---|---|---|
| | ०५ | किराना पसल (चिनी, दाल, जिरा, मटर, दाल, चियारङ, साबुन, सलाई आदि बेच्ने) ठुलो | २५।०० |
| | ०६ | किराना पसल सानो (दाल जन्य बस्तु मात्र विक्री गर्ने पसल) | १५।०० |
| | ०७ | किताव पसल | १०।०० |
| | ०८ | चिया र मिठाई, प्याजी, ढुङग्री वेच्ने पसल | १०।०० |
| | ०९ | चिया पसल | १०।०० |
| | १० | थोक सब्जी बिक्रेता | २०।०० |
| | ११ | खुद्रा सब्जी विक्रेता | १०।०० |
| | १२ | पल्ला वाट खाद्यान खरिद विक्री | २०।०० |
| | १३ | जुत्ता चप्पल विक्री पसल | १५।०० |
| | १४ | नरिवल, आँप, लिचि, आदि विरुवा बेच्ने पसल | १०।०० |
| | १५ | माछा काटी बेच्ने पसल | १०।०० |
| | १६ | सिद्रा बेच्ने पसल | ५।०० |
| | १७ | खसी को मासु बेच्ने पसल | ३०।०० |
| | १८ | कुखुराको मासु बेच्ने पसल | १०।०० |
| | १९ | राँगा वंगुर र सुगुरको मासु वेच्ने पसल | २०।०० |
| | २० | हाट बजारमा काँटा राखी खरिद विक्री गर्नेलाई | २५।०० |
| | २१ | पान चुरोट विक्री गर्ने पसल | ५।०० |
| | २२ | जुत्ता, चप्पल, लाइटर र छाता मर्मत गर्ने पसल | ५।०० |
| | २३ | दही बेच्नेलाई | ५।०० |
| | २४ | चामल बेच्ने पसल | १०।०० |
| | २५ | लोहाको सामान बेच्ने पसल | १५।०० |
| | २६ | लुगा सिलाउने पसल | ५।०० |
| | २७ | भाँडा कुँडा (स्टिल, सिल्भर र भर्काको) बेच्ने पसल | १५।०० |
| | २८ | विस्कुट सावुन पसल | ५।०० |
| | २९ | चना, चटपटे, छोला, पसल | २५।०० |
| | ३० | च्युरा र मुरही पसल | ५।०० |
| | ३१ | हाँस कुखुरा बेच्ने संग प्रति गोटा | २।०० |

| | | |
|---|---|---|
| ३२ | परेवा बेच्ने संग प्रति जोडा | २।०० |
| ३३ | डोको नाम्लो कुचो पसल | २०।०० |
| ३४ | माटोको भाँडा पसल | १०।०० |
| ३५ | बाँस विक्री प्रति गोटा | ५।०० |
| ३६ | हाटमा फिंजाई श्रृंगारका सामान विक्री गर्ने पसल | २०।०० |
| ३७ | चुरा टिका मात्र बेच्ने साना व्यापारीलाई | १०।०० |
| ३८ | फाटा कम्पनीको कपडा विक्री गर्ने पसल | १०।०० |
| ३९ | आलुको बिउ बिक्री गर्ने लाई | ५०।०० |
| ४० | बजारमा नियमित फलफुल बेच्ने पसल | २५।०० |
| ४१ | हाटको दिन मात्र फलफुल बेच्नेलाई | १०।०० |
| ४२ | गहुँको विउ १ बोरा भन्दा बढी विक्री गर्नेलाई | १५।०० |
| ४३ | गहुँको विउ १ बोरा भन्दा कम विक्री गर्नेलाई | ५।०० |
| ४४ | कुखुरा खरिद गरि लानेलाई प्रति गोटा | २।०० |
| ४५ | चुर, कागज र सुर्ती पसल | ५।०० |
| ४६ | प्रचार प्रसार गरि दवाई सावुन बेच्नेलाई | ५०।०० |
| ४७ | प्लाष्टिकको भाँडा बर्तन खेलौना विक्री गर्ने पसल | २५।०० |
| ४८ | जुटवाट निर्मित झल्ला विक्री गर्ने लाई | ५।०० |
| ४९ | घडी रेडियो आदि इलेक्ट्रोनिक्स सामान विक्री गर्नेलाई | २५।०० |
| ५० | माछा निकासी प्रति के.जी. | ५।०० |
| ५१ | लोकल माछा बेच्ने संग | ५।०० |
| ५२ | बजारमा बसी कपाल काटने हजाम | ५।०० |

**<u>द्रष्टव्य</u>** :- १. माथी उल्लेख हुन छुट भएका अन्य सामाग्रीहरूको हकमा व्यापारको प्रकृति हेरी गाउं कार्यपालिकाको निर्णयानुसार रू. ५।- देखी रू. २५।- सम्म शुल्क लगाइनेछ ।

२. माथि उल्लेख भएको हाट बजार पसल कर ठेक्का बन्दोबस्तको प्रकृयाबाट संकलन गर्न देहाय बमोजिमको हाटमा देहाय बमोजिमको वार्षिक ठेक अंक कायम गरीएको छ ।

| सि न | कर शिर्षक | आ.व.२०७६।०७७ को न्युन्तम ठेक अंक रकम |
|---|---|---|
| १ | घुस्की वजारको हाट कर | २५,२२५।०० |

| | | |
|---|---|---|
| २ | रामनगर भुटाहा वजारको हाट कर | ६१,६०१।०० |
| ३ | हरिनगरा वजारको हाट कर | ८१,०००।०० |

## अनुसूची -४ ख

घुम्ती व्यवसाय करको दररेट (दैनिक)

| सि.नं. | माल वस्तुको विवरण | इकाई | रकम |
|---|---|---|---|
| १ | धान, गहुँ, चामल,आँटा, मैदा, मकै, पटुवा, तेलहन, दलहन, भुजा | प्रति मन | रु. २।०० |
| २ | ठुलो चौपाया(गाई,गोरु,भैंसी,राँगा आदी ) | प्रति गोटा | रु. १०।०० |
| ३ | सानो चौपाया ( वाखा, खसी, भेडा,सुंगुर आदी) | प्रति गोटा | रु. ५।०० |
| ४ | हांस,कुखुरा लगायत पंक्षीहरु | प्रति गोटा | रु. २।०० |
| ५ | खाली ड्राम | प्रति गोटा | रु. ५।०० |
| ६ | खाली टिन | प्रति गोटा | रु. १।०० |
| ७ | भन्सारवाट आएको सामान प्रज्ञापन पत्रको आधारमा | | १ प्रतिशत |

नोट : १. माथी उल्लेख हुन छुट भएका सामाग्रीको हकमा गाउं कार्यपालिकाको निर्णयानुसार रु.२।- देखी रु.१०।- सम्म असुल गरीनेछ ।

२. माथि उल्लेख भएको घुम्ती व्यवसाय कर ठेक्का बन्दोबस्तको प्रकृयाबाट संकलन गर्न आ.व. २०७६।०७७ को लागि रु.२,६१,०००।०० वार्षिक ठेक अंक कायम गरीएको छ ।

## अनुसूची -५

(ऐनको दफा ७ सँग सम्बन्धित)

**सवारी साधन करको दररेट (वार्षिक)**

| सि.नं. | सवारीको किसिम | रकम |
|---|---|---|
| १ | अटो रिक्सा, इ-रिक्सा र टागां रिक्सा | १०००।०० |

## अनुसूची -६

(ऐनको दफा ८ सँग सम्बन्धित)

**विज्ञापन कर** :

| क्र.सं. | **व्यवसायको किसिम** | रकम |
|---|---|---|
| १ | होर्डिङ वोर्ड स्विकृति दस्तुर प्रति वर्ग फिट ( विज्ञापन समावेश नभएको ) | १५।- |
| २ | सुर्ति र मदिराजन्य वाहेकको विज्ञापनमा प्रति वर्ग फिट | ३०।- |

## अनुसूची - ७

(ऐनको दफा ९ सँग सम्बन्धित)

**वहाल विटौरी शुल्क**

| क्र.सं. | **विवरण** | रकम | कैफियत |
|---|---|---|---|
| **१ हरिनगरा बजारका सर्टरहरु** | | | |
| क | कोठा नं. १, २, ३, ६, ७ र ८ | १५००।०० | मासिक भाडा दर |
| ख | कोठा नं. ४ र ५ | २५००।०० | मासिक भाडा दर |

| | | | |
|---|---|---|---|
| **२ भुटाहा बजारका सर्टरहरु** | | | |
| क | साना | १०००।०० | मासिक भाडा दर |
| ख | मझौला | १५००।०० | मासिक भाडा दर |
| ग | ठुला | २०००।०० | मासिक भाडा दर |
| **३ घुस्कीको सार्वजनिक ऐलानी जग्गा भोगचलन (वार्षिक)** | | | |
| क | साविक ८ ग कि.नं ८ मध्येको ३-१०-० | २२५३२।०० | वार्षिक न्युन्तम ठेक अंक |
| ख | साविक ९ ख को कि.नं ११० मध्येको १-१४-० | १८५३२।०० | वार्षिक न्युन्तम ठेक अंक |
| **४ हरिनगर गा.पा. क्षेत्र भित्रको सार्वजनिक जग्गाको माटो विक्री कर** | | | |
| १ | गोरु/पाडा गाडा प्रति टिप | रु.१०।०० | गा.पा.ले तोकेको क्षेत्रको माटो विक्री गर्नु पर्ने |
| २ | ट्र्याकटरमा सानो डाला प्रति टिप | रु.२०।०० | |
| ३ | ट्र्याकटरमा ठूलो डाला प्रति टिप | रु.२५।०० | |
| ४ | ट्रकमा सानो डाला प्रति टिप | रु.७५।०० | |
| ५ | ट्रकमा मझौला डाला प्रति टिप | रु.१००।०० | |
| ६ | ट्रकमा ठूलो डाला प्रति टिप | रु.१५०।०० | |
| **५ हरिनगर गाउँपालिकाको व्याकूहु लोडर संचालन** | | | |
| ५.१ | गा.पा. र वडा कार्यालयहरुको योजना कार्यान्वियनमा प्रयोग गर्दा | रु.१,४००।- (प्रति घण्टा) | व्याकुहु लोडरमा लाग्ने इन्धन मोविल लगायतका सम्पुर्ण खर्च गा. पा. ले व्यहोर्नेछ। |
| ५.२ | गा.पा. क्षेत्र भित्रका नागरिकहरुले व्याकुहु लोडर खाली भएको अवस्थामा प्रयोग गर्दा | रु.२,०००।- (प्रति घण्टा) | |

नोटः- माथि उल्लेखित घुस्कीको सार्वजनिक ऐलानी जग्गा भोग चलनको लागि आ.व. २०७५।०७६ मा ठेक्का बन्दोबस्त हुँदा मिति २०७५ मंसिर १ देखि २०७६ कार्तिक मसान्त सम्म रहेकोले आ.व. २०७६।०७७ मा ठेक्का बन्दोबस्त मिति २०७६ मंसिर १ देखि २०७७ कार्तिक मसान्त सम्मको लागि हुनेछ।

## अनुसूची - ८

(ऐनको दफा ११ क सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| क्र.सं | **व्यवसायको किसिम** | रकम |
|---|---|---|
| १ | सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रर्दशन हल, थियटर संगीत, पुरातात्विक महत्वका सम्पदाको प्रवेश शुल्कमा | २.५ प्रतिशत |
| २ | जादु, सर्कस, इलेक्ट्रोनिक पिङ सानो प्रति दिन | १०० ।- |

## अनुसूची - ९

(ऐनको दफा ११ ख सँग सम्बन्धित)

सेवा प्रबाहमा लगाइएको दस्तुर तथा शुल्कको दररेट

| सिं न. | सेबाको किसिम | रकम |
|---|---|---|
| १ | निवेदनमा टिकट वापत | १०।०० |
| २ | स्थलगत सरजमीन | २००।०० |
| ३ | नक्कल दस्तुर प्रति पाना | ३।०० |
| ४ | व्यवसाय दर्ता निवेदन शुल्क | १००।०० |
| ५ | साँध सीमाना(चार किल्ला) प्रमाािणत | २४०।०० |
| ६ | मोही नाम सारी सिफारिस (सरजमिन समेत) | दश कट्टा सम्म रु.५००।- एक विघा सम्म रु १०००।- सो भन्दा वढी भएमा रु. १५००।- |
| ७ | नागरिकता प्रमाण पत्र सिफारिस | १४०।०० |
| | वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस | १९०।०० |
| | सरजमीन गर्न परेमा | २००।०० |
| ८ | जग्गा नामसारी सिफारिस (सरजमिन समेत) | दश कट्टा सम्म रु.५००।- एक विघा सम्म रु १०००।- सो भन्दा वढी भएमा रु. १५००।- |
| ९ | अन्य सम्पत्ति, हक हस्तान्तरण, सेयर लगायत नामसारी | ५००।०० |
| १० | मोही लगत कट्टा सिफारिस | दश कट्टा सम्म रु.२४०।- एक विघा सम्म रु ३४०।- सो भन्दा वढी भएमा रु. ४९०।- |
| ११ | मोही लगत कट्टा सिफारिस सरजमिन समेत | दश कट्टा सम्म रु.५००।- एक विघा सम्म रु १०००।- सो भन्दा वढी भएमा रु. १५००।- |
| १२ | घर बाटो सिफारिस | |
| | क) मुलबाटोले छोएको | ५४०।०० |
| | ख) सहायक बाटोले छोएको | ४४०।०० |
| | ग) प्लटिङ्ग बाटोले छोएको | ३४०।०० |
| | घ) बाटो नभएको | २४०।०० |
| | जग्गामा घर भएमा माथि उल्लेखित घरबाटो सिफारिस दस्तुरमा | घरको मूल्यको ०.०५ प्रतिशत थप दस्तुर |
| १३ | धनीपुर्जा हराएको सिफारिश | २४०।०० |
| १४ | नाम थर जन्ममिति संशोधन सिफारिश | २४०।०० |
| १५ | घर सार काठ सिफारिश | २४०।०० |
| १६ | निजी जग्गाको रुख कटानका लागि जिल्ला वन कार्यालयमा सिफारिस | ५००।०० |

| | | |
|---|---|---|
| १७ | जातजाती प्रमाणित सिफारिस | १९०।०० |
| १८ | व्यापार व्यवसाय वन्द भएको, संचालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिश | ५००।०० (सर्जमिन समेत) |
| १९ | घरसारमा तयार हुने लिखत प्रमाणित | २००।०० |
| २० | पुर्जामा घर कायम गर्न सिफारिश( आर.सि.सि.)<br>(सरजमिन समेत) | ५लाख सम्म मुल्य भएको रु.१०००।- , ५ लाख देखी २० लाख सम्म रु. १५००।- र २० लाख भन्दा माथी रु. २०००।- |
| २१ | पुर्जामा घर कायम गर्न सिफारिश (कच्ची) | ३००।०० |
| २२ | बहाल करको लेखाजोखा सिफारिस | २४०।०० |
| २३ | जग्गाको हकभोग सिफारिश (सरजमिन समेत) | ५००।०० |
| २४ | छुट जग्गा दर्ता सिफारिस (सरजमिन समेत) | दश कट्टा सम्म रु.५००।- एक विघा सम्म रु १०००।- सो भन्दा वढी भएमा रु. १५००।- |
| २५ | नीजी धारा विद्यूत टेलिफोन जडान सिफारिश | २४०।०० |
| २६ | चाल चलन सम्वन्धी सिफारिस | १९०।०० |
| २७ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क(३५ दिन सम्म निशुल्क) | ५०।०० |
| २८ | व्यक्तिगत घटना दर्ता प्रमाण-पत्रको प्रतिलिपि | १००।०० |
| | व्यक्तिगत विवरण प्रमाणित | २४०।०० |
| २९ | विवाह प्रमाणीकरण स्वदेशी दुलही संग | ५००।०० |
| ३० | विवाह प्रमाणीकरण विदेशी दुलही संग | ८००।०० |
| ३१ | विवाह तथा अविवाहित प्रमाणित | ५००।०० |
| ३२ | सडक दूरी प्रमााणित | १५०।०० |
| ३३ | जन्मस्थान, जन्ममिति प्रमाणीत | १९०।०० |
| ३४ | नाता प्रमाणित सिफारिस | १९०।०० |
| | नाता प्रमाणित सिफारिस सरजमिन गर्नु पर्ने भएमा | ३९०।०० |
| ३५ | जिवित रहेको सिफारिश | ३००।०० |
| ३६ | बसोबास र घर पाताल प्रमाणित( सर्जमिन समेत) | ५००।०० |
| ३७ | हकवाला वा हकदार प्रमाणित सर्जमिन समेत | ५००।०० |
| ३८ | संरक्षक प्रमाणित, संस्थागत र व्यक्तिगत संरक्षक सिफारिश | ३००।०० |
| ३९ | फरक फरक नाम,थर, जन्ममिति प्रमाणित तथा दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिश | २४०।०० |

| | | | |
|---|---|---|---|
| | ४० | नाफा मुलक संस्था दर्ता सिफारिश | १५००।०० |
| | ४१ | सेवा मुलक संस्था दर्ता सिफारिश | १०००।०० |
| | | संघ संस्था नविकरण सिफारिस | ५००।०० |
| | ४२ | शिक्षा तर्फ | |
| | ४२.१ | विद्यालय कक्षा थप तथा संचालन सिफारिस दस्तुर सबै तहलाई | रु.५००।- |
| | ४२.२ | विद्यालय कक्षा थप तथा संचालन अनुमति दस्तुर निजि विद्यालय आधारभूत तह | रु.२५००।- |
| | ४२.३ | विद्यालय कक्षा थप तथा संचालन अनुमति दस्तुर निजि विद्यालय माध्यमिक तह | रु.३०००।- |
| | ४२.४ | विद्यालय कक्षा थप तथा संचालन अनुमति दस्तुर सामुदायिक विद्यालय आधारभूत तह | रु.१०००।- |
| | ४२.५ | विद्यालय कक्षा थप तथा संचालन अनुमति दस्तुर सामुदायिक विद्यालय माध्यमिक तह | रु.१५००।- |
| | ४२.६ | कोचिङ्ग सेन्टर संचालन धरौटी वापत | रु.५००००।- |
| | ४२.७ | कोचिङ्ग सेन्टर संचालन सिफारिस दस्तुर | रु.५००।- |
| | ४२.८ | कोचिङ्ग सेन्टर संचालन अनुमति दस्तुर | २५००।- |
| | ४२.९ | विद्यालय कक्षा थप तथा संचालन अनुमति फाराम दस्तुर | रु.१००।- |
| | ४२.१० | विधालय ठाउँसारी सिफारिस दस्तुर निजि | रु.५००।०० |
| | ४३ | ठुला उद्योग स्थापना सिफारिस | ३०००।०० |
| | ४४ | मझौला उद्योग स्थापाना सिफारिस | २०००।०० |
| | ४५ | साना उद्योग स्थापाना सिफारिस | १०००।०० |
| | ४६ | उद्योग धन्दा नामसारी ठाउसारी सिफारिश | १०००।०० |
| | ४७ | जीर्ण रुखको हांगा विंगा छांटकांट स्वीकृती | १९०।०० |
| | ४८ | नेपाली पेन्सन पटा सम्वन्धी सिफारिस | २००।०० |
| | ४९ | भारतीय पेन्सन पटा सम्वन्धी सिफारिस | ५००।०० |
| | ५० | अन्य मुलुकको पेन्सन पटा सम्वन्धी सिफारिस | १०००।०० |
| | ५१ | अपुताली संम्बन्धी सिफारिस | १०००।०० |
| | ५२ | अंग्रेजी माध्यममा सिफारिश तथा प्रमाणित | ३००।०० |

| | | | |
|---|---|---|---|
| | ५३ | पालपोषण, अशक्त, अपांग, प्रकोप पिडित,स्वास्थ्य उपचार, विपन्न प्रमाणित तथा किसानका लागि मल विउको सिफारिस | निशुल्क |
| | ५४ | आय प्रमाीणित सिफारिस | |
| | ५४.१ | ५ पाँच लाख सम्म (सरजमिन सहित) | ७००।०० |
| | ५४.२ | ५ पाँच लाख १ देखि १० दश लाख सम्म (सरजमिन सहित) | १५००।०० |
| | ५४.३ | १० दश लाख १ देखि १५ पन्ध्र लाख सम्म (सरजमिन सहित) | २०००।०० |
| | ५४.४ | १५ पन्ध्र लाख १ देखि २० बिस लाख सम्म (सरजमिन सहित) | २५००।०० |
| | ५४.५ | २० बिस लाख १ देखि माथि | ३०००।०० |
| | ५४.६ | विद्यार्थीहरुको प्रयोजनको लागि आय प्रमाणित | २००।०० |
| | ५५ | जग्गा मूल्यांकन (सरजमिन सहित) | १ लाख देखी ५ लाख सम्म रु. ७००।-<br>५ लाख १ देखी १० लाख सम्म रु. १२००।-<br>१० लाख १ भन्दा माथी भएमा रु.२५००।- |
| | ५६ | पेट्रोल पम्प स्थापना सिफारिश | ७५००।०० |
| | ५७ | **सहकारी तर्फ** | |
| | ५७.१ | दर्ता अनुमति दस्तुर | रु.१५००।- |
| | ५७.२ | दर्ता अनुमति प्रमाण पत्र प्रतिलिपि दस्तुर | रु.५००।- |
| | ५८ | **कृषि तथा पशु तर्फ** | |
| | ५८.१ | कृषक समूह दर्ता शुल्क | रु.५००।- |
| | ५८.२ | कृषक समूह नविकरण शुल्क | रु.३००।- |
| | ५८.३ | कृषक समूह नविकरण विलम्व शुल्क | रु. १५०।- एक आ.व. |
| | ५८.४ | कृषक समूह नविकरण विलम्व शुल्क | रु. २००,- दुई आ.व |
| | ५८.५ | कृषक समूह नविकरण विलम्व शुल्क | रु. ५००।- तिन आ.व. पश्चात |
| | ५९ | **घ वर्गको निर्माण व्यवसायी तर्फ** | |
| | ५९.१ | इजाजतपत्र दस्तुर | रु.१००००।- |
| | ५९.२ | इजाजतपत्र नविकरण दस्तुर | रु.१०००।- |
| | ५९.३ | इजाजतपत्र नविकरण थप दस्तुर | रु.२०००।- |

| | | |
|---|---|---|
| ५९.४ | इजाजतपत्र प्रतिलिपी दस्तुर | रु.५००।- |
| ६० | **कानूनी मामिला तर्फ** | |
| ६०.१ | उजुरी तथा फिराद दस्तुर | रु.२००।- |
| ६०.२ | प्रतिवाद तथा प्रतिउत्तर दस्तुर | रु.२००।- |
| ६०.३ | मेलमिलापमा जाने विवादको हकमा मेलमिलापकर्ताले पक्षहरुले सहमतिमा दिन मञ्जुर भएदेखि बाहेक कुनै प्रकारको दस्तुर लाग्नेछैन । तर पक्षहरुको सहमतिमा मेलमिलापककर्ताले पक्षहरुबाट बढीमा रु५००।-/५००।- लिन पाउनेछन | बढीमा रु.५००।-/५००।- |
| ६०.४ | नक्कलको हकमा सक्कल पानाको प्रति पृष्ठको | रु.५।- |
| ६०.५ | (ख) समितिको निर्णय कागजको हकमा प्रति सक्कल पानाको पृष्ठको | रु.५।- |
| ६०.६ | (ग) लिखित कागजपत्रको नक्कल नलिई फोटो खिच्न चाहेमा | रु.५।- |
| | नोट : दस्तुर चुक्ता नभई नक्कल नदिइने : सम्बन्धित प्रशाकले यस ऐन बमोजिम नक्कल माग्ने पक्षले नक्कल उतार गर्दा दफा ८९ बमेजिम लाग्ने दस्तुर दाखिल नगर्दा सम्म नक्कल दिनेछैन र सो नक्कलको आधिकारिकता प्रमाणित गर्न पाउनेछैन । | |
| ६१ | व्यवसाय कर प्रमाण पत्र प्रतिलिपि दस्तुर | रु.१००।- |
| ६२ | मलखाद्य, विउ विजन लगायतको बिक्री वितरण गर्न डिलरसिप लिन सिफारिस दस्तुर | रु.२४०।- |
| ६३ | माथि उल्लेख नभएका विभिन्न कार्यालय/अड्डा अदालतमा गरिने सिफारिस दस्तुरको हकमा | रु.१९०।- |
| **६४** | **घर नक्सा पास तर्फ** | |
| ६४.१ | घर नक्सा निवेदन दस्तुर | ५००।०० |
| ६४.२ | आवासीय भवन निर्माण | |
| ६४.२ क | R C C भवन दुई तल्ला सम्म प्रति वर्ग फुट | ३।०० |
| ६४.१ ख | R C C भवन तीन तल्ला र सो भन्दा माथी प्रति वर्ग फुट | ४।०० |
| ६४.३ | व्यापारिक भवन | |
| ६४.३ क | R C C भवन दुई तल्ला सम्म निर्माण गर्दा प्रति वर्ग फुट | ४।०० |

| | | |
|---|---|---|
| ६४.३ ख | RCC भवन तीन तल्ला र सो भन्दा माथि निर्माण गर्दा प्रति वर्ग फुट | ५।०० |
| ६४.४ | पक्की इटा, ढुँगा, माटो, वाँस, टायल, टिन, खपडा, एसवेस्टस प्रयोग गरी वनाएको घरमा प्रति वर्ग फिट | २।०० |
| ६४.५ | कम्पाउड  वाल प्रति रनिगं फिट | ५।०० |
| ६४.६ | निर्माण भएका भवनको अभिलेखिकरण प्रति वर्ग फुट | ३।०० |
| ६४.७ | घर निर्माण सम्पन्न प्रमाण पत्र | १०००।०० |
| ६४.८ | घर नक्सा नामसारी दस्तुर एक तल्लामा | १०००।०० |
| ६४.९ | घर नक्सा नामसारी दस्तुर दुई तल्लासम्म | २०००।०० |
| ६४.१० | घर नक्सा नामसारी दस्तुर तिन तल्ला र सो भन्दा माथी | ३०००।०० |
| ६४.११ | घर नक्साको प्रतिलिपि | ५००।०० |

आज्ञाले,
नाम: कृष्ण बहादुर कार्की
प्रमुख प्रशासकीय अधिकृत